## बैठक नं. ४०

आज मिति २०८१ साल भाद्र २४ गते सोमबार यस कीर्तिपुर नगरपालिकाका का.वा.नगरप्रमुख श्री शुभलक्ष्मी शाक्यज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | का.वा.अध्यक्ष, प्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| २ | सदस्य, का.वा.अध्यक्ष वडा नं. १ | श्री जमुना महर्जन | |
| ३ | सदस्य, अध्यक्ष वडा नं. २ | ई. श्री रुपेश महर्जन | |
| ४ | सदस्य, का.वा.अध्यक्ष वडा नं.३ | श्री रामदेवी महर्जन | |
| ५ | सदस्य, का.वा. अध्यक्ष वडा नं. ४ | श्री दिनेश चन्द्र दाहाल | |
| ६ | सदस्य, अध्यक्ष वडा नं. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा नं. ६ | श्री खीरमान सिंह बस्नेत ( पृथ्वी ) | |
| ८ | सदस्य, अध्यक्ष वडा नं. ७ | श्री दिवाकर अधिकारी | |
| ९ | सदस्य, अध्यक्ष वडा नं. ८ | श्री सानु मैया महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा नं. ९ | श्री दिनेश श्रेष्ठ | |
| ११ | सदस्य, अध्यक्ष वडा नं. १० | श्री नरेश महर्जन | |
| १२ | सदस्य | श्री हरिराम वोगटी | |
| १३ | सदस्य | श्री पवित्रा विष्ट | |
| १४ | सदस्य | श्री विमला थापा (कार्की) | |
| १५ | सदस्य | श्री राजिता गौतम महर्जन | |
| १६ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १७ | सदस्य | श्री सुजाता सुनाम | |
| १८ | सदस्य सचिव | श्री माधब प्रसाद ढकाल | |

| आमन्त्रित व्यवस्थापन कर्मचारीहरुः | | | |
|---|---|---|---|
| सि.न. | पद | नाम, थर | दस्तखत |
| १ | लेखा अधिकृत | श्री प्रविनकुमार शाही | |
| २ | वरिष्ठ अधिकृत सातौं | श्री जनक थापा | |
| ३ | सूचना प्रबिधि अधिकृत | श्री प्रकेशचन्द्र श्रेष्ठ | |
| ४ | उप प्रमुख सचिवालय | श्री केशब महर्जन | |
| ५ | | | |

प्रस्तावहरु

१) सार्वजनिक सुनुवाई सम्बन्धमा ।

२) स्थानीय पाठ्यक्रम संशोधन सम्बन्धमा ।

३) विविध

निर्णय नं . १

नगरपालिका र नागरिकहरुका बीच दोहोरो संवाद स्थापित गर्न, त्यस्तो संवादबाट नगरवासीलाई नगरको विकासको प्रकृयामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा नगरपालिकाको विकास निर्माण कार्य र सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार समेत बसाई नगर र नागरिकको प्रत्यक्ष संवाद स्थापित गर्न उद्देश्यले संवद्ध पक्षहरुको सहभागितामा यही २०८१ साल आश्विन १३ गते आइतवारका दिन दिउसो १ बजे देखि नगरपालिका कार्यालयको सभाहलमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं . २

यस नगरपालिकाबाट लागू गरिएको नेपाल भाषाको १ देखि ८ कक्षा सम्मको स्थानीय पाठ्यक्रम सरलीकरण एवं संशोधनका लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो।

निर्णय नं . ३

विष्णुदेवी अस्पतालबाट प्रवाह भैरहेको स्वाश्थ्य सेवालाई थप प्रभावकारी वनाउन एक जना मेडिकल ल्याव टेक्नोलोजिष्ट (वि.एम.एल.टी.) आवश्यक भएकोले अर्को व्यवस्था नभएसम्मका लागि मेडिकल ल्याव टेक्नोलोजिष्ट (वि.एम.एल.टी.) छैठौं तह पद संख्या -१ (एक) करार सेवामा पदपुर्ति गर्ने निर्णय गरियो।

निर्णय नं . ४

नगरपालिकाबाट सामाजीक सुरक्षा भत्ताका लाभग्राहीहरुलाई उपलब्ध गराउदै आएको सुगर प्रेसरको औषधी वितरणलाई थप सहज, सरल र प्रभावकारी बनाउन थप राय सुझाव सहितको प्रतिवेदन एक महिना भित्र उपलब्ध गराउने गरी तपसिल बमोजिमको अध्ययन कार्यदल बनाउने निर्णय गरियो।

तपसिलः

क) अध्यक्ष वडा नं. ९, श्री दिनेश श्रेष्ठ - संयोजक

ख) अध्यक्ष वडा नं. ८, श्री सानु मैया महर्जन - सदस्य

ग) अध्यक्ष वडा नं. १०, श्री नरेश महर्जन - सदस्य

घ) स्वास्थ्य शाखा प्रमुख, श्री सन्तमान मानन्धर - सदस्य सचिव

निर्णय नं . ५

कीर्तिपुर नगरपालिका वडा नं. ९ स्थित टाउन प्लानिङमा रहेको सामुदायिक स्वास्थ्य केन्द्र सञ्चालन हुँदै आएको भवनमा नगरपालिकाले मनोसामाजिक परामर्श केन्द्र स्थापना गर्ने निर्णय गरियो।